बैठक संख्या :- १६३
मिति :- २०८१।०६।०६, आईतबार
समय :- बिहान ७:३० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री विनोद भट्टराई | सचिव (प्र.प्र.अ.) |

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सिन्धुली, बागमती प्रदेश

**मिति २०८१ असोज ६ गते बसेको १६३ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव नं. १ : विनियोजन विधेयक अन्तर्गत विभिन्न शीर्षकहरुको बजेट विनियोजन सम्बन्धमा ।**

निर्णय : विनियोजन विधेयकसँग सम्बन्धित तपसिल बमोजिम अनुसूचिका बजेट बाँडफाँड गरी स्वीकृतिका लागि नगरसभामा सिफारीस गर्ने निर्णय गरियो ।

तपसिल

अनुसूचि नं. ६: शाखा/उपशाखा /इकाईको बजेट बाँडफाँड सम्बन्धमा ।

अनुसूचि नं. ७ : वडागत बजेट बाँडफाँड सम्बन्धमा ।

अनुसूचि नं. ८ : संघीय सरकार सशर्त अनुदान सम्बन्धमा ।

अनुसूचि नं. ९ : संघीय सरकार विशेष अनुदान सम्बन्धमा ।

अनुसूचि नं. १० : प्रदेश सरकार सशर्त अनुदान सम्बन्धमा ।

अनुसूचि नं. ११: प्रदेश सरकार विशेष अनुदान सम्बन्धमा ।

अनुसूचि नं. १२ : प्रदेश सरकार समपुरक अनुदान सम्बन्धमा ।

अनुसूचि नं. १३ : आर्थिक बर्ष २०८०/८१ को भुक्तानी बाँकी कार्यक्रम सम्बन्धमा ।

**प्रस्ताव नं. २ : कर्मचारी दरबन्दी तेरिज सम्बन्धमा ।**

निर्णय : नगरपालिकामा कार्यरत रहने स्थायी, अस्थायी, करार र मासिक ज्यालादारी कर्मचारीहरुको तपसिल बमोजिमको दरबन्दी तेरिजलाई नगरसभामा स्वीकृतिका लागि सिफारीस गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं | पद | तह/श्रेणी | सेवा | समूह/उप समूह | हाल प्रस्तावित दरवन्दीविवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्राविधिक | अप्राविधिक | जम्मा |
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प्र.द्धितीय | प्रशासन | सा.प्र. | ० | १ | १ |
| २ | अधिकृत | ९/१० | शिक्षा | शिक्षा प्रशासन | १ | ० | १ |
| ३ | सि.डि.ई | ९/१० | इन्जिनियर | सिभिल | १ | ० | १ |
| ४ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र | ० | १ | १ |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | ० | १ | १ |
| ६ | अधिकृत | ७/८ | शिक्षा | शिक्षा प्रशासन | १ | ० | १ |
| ७ | जन स्वा. अधिकृत | ७/८ | स्वास्थ्य | जनस्वास्थ्य | १ | ० | १ |
| ८ | इन्जिनियर | ७/८ | इन्जिनियर | सिभिल/वि.ए.आ. | १ | ० | १ |
| ९ | इन्जिनियर | ६ | इन्जिनियर | सिभिल | १ | ० | १ |
| १० | आ.ले.प. अधिकृत | ७/८ | प्रशासन | लेखा | ० | १ | १ |
| ११ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | ० | १ | १ |
| १२ | प.हे.न. | ५/६ | स्वास्थ्य | क.न. | ० | ३ | ३ |
| १३ | हेल्थ हसिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.इ. | १ | ० | १ |
| १४ | सहायक | ५ | प्रशासन | सा.प्र. | ० | ५ | ५ |
| १५ | लेखा सहायक | ५ | प्रशासन | लेखा | ० | २ | २ |
| १६ | आ.ले. प. सहायक | ५ | प्रशासन | लेखा | ० | १ | १ |
| १७ | प्रा.स. | ५ | शिक्षा | शिक्षाप्रशासन | १ | ० | १ |
| १८ | सव इन्जिनियर | ५ | इन्जिनियर | सिभिल | २ | ० | २ |
| १९ | कम्प्यूटर अपरेटर | ५ | विविध | विविध | १ | ० | १ |
| २० | महिला विकास निरीक्षक | ५ | विविध | विविध | १ | ० | १ |
| २१ | अमिन | ४ | इन्जिनियर | सर्भे | १ | ० | १ |
| २२ | सहायक | ४ | प्रशासन | सा.प्र. | ० | ३ | ३ |
| २३ | स.ले.पा. | ४ | प्रशासन | लेखा | ० | ० | ० |
| २४ | सहायक महिला विकास निरीक्षक | ४ | विविध | विविध | १ | ० | १ |
| | जम्मा | | | | १५ | १८ | ३३ |

वडा कार्यालय (१४ वटा)

| क.सं. | पद | तह/श्रेणी | सेवा | समूह/उप समूह | हाल प्रस्तावित दरवन्दीविवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्राविधिक | अप्राविधिक | जम्मा |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र | ० | ६ | ६ |
| २ | सव-इन्जिनियर | ५ | इन्जि. | सिभिल | ६ | ० | ६ |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र. | ० | ८ | ८ |
| ४ | अ. सव-इन्जिनियर | ४ | इन्जि. | सिभिल | ८ | ० | ८ |
| | जम्मा | | | | १४ | १४ | २८ |

## संघीय सशर्त-स्वास्थ्य संस्था तर्फ

| क.सं. | पद | तह/श्रेणी | सेवा | किसिम | समूह | हाल प्रस्तावित दरवन्दीविवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्राविधिक | अप्राविधिक | जम्मा |
| १ | अधिकृत | ६ | स्वा.से. | स्थायी | हे.ई. | ७ | ० | ७ |
| २ | सहायक पारामेडिक्स (हे.अ., सि.अ.हे.व., अ.हे.व.) | ४/५ | स्वा.से. | स्थायी | हे.ई | १४ | ० | १४ |
| ३ | सहायक (नर्सिङ्ग, सि.अ.न.मी., अ.न.मी.) | ४/५ | स्वा.से. | स्थायी | क.न. | १४ | ० | १४ |
| ४ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | स्थायी | सा.प्र | ० | १ | १ |
| | जम्मा | | | | | ३५ | १ | ३६ |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

आयुर्वेद औषधालयतर्फ

| क्र.सं. | पद | तह/श्रेणी | सेवा | समूह | हाल प्रस्तावित दरवन्दीविवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्राविधिक | अप्राविधिक | जम्मा |
| १ | कविराज निरिक्षक | अधिकृत छैठौं | स्वास्थ्य | आयुर्वेद | १ | ० | १ |
| २ | वैद्य | चौथो/पाँचौ | स्वास्थ्य | आयुर्वेद | १ | ० | १ |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ० | १ | १ |
| जम्मा | | | | | २ | १ | ३ |

अन्य विभिन्न बिषयगत कार्यक्रमबाट सेवा, सुविधामा रहेका सेवा करारका कर्मचारीहरुको दरबन्दी तालिका

| क्र.सं | पद | तह | दरबन्दी संख्या | किसिम | कार्यक्रमको नाम |
|---|---|---|---|---|---|
| १ | विद्यालय नर्स | पाँचौं | १९ | करार | प्रदेश सशर्त कार्यक्रम |
| २ | सामाजिक परिचालक | चौथो | २ | करार | गरिबसँग विश्वेश्वर कार्यक्रम |
| ३ | उद्यम विकास सहजकर्ता | चौथो | २ | करार | लघु उद्यम विकास कार्यक्रम (मेड्पा) |
| ४ | एम.आई.एस. अपरेटर, | पाँचौं | १ | करार | राष्ट्रिय परिचय-पत्र तथा पञ्जिकरण कार्यक्रम |
| ५ | फिल्ड सहायक, | चौथो | १ | करार | |
| ६ | कृषि स्नातक | छैठौं | १ | करार | कृषि विभाग कार्यक्रम |
| ७ | एक गाउँ एक प्राविधिक | चौथो | १ | करार | कृषि विकास रणनीति अनुगमन तथा समन्वय संघीय कार्यक्रम |
| ८ | रोजगार संयोजक | छैठौं | १ | करार | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ९ | प्राविधिक सहायक | पाँचौ | १ | करार | |
| १० | रोजगार सहायक | पाँचौं | १ | करार | |
| ११ | सूचना प्रविधि अधिकृत | छैठौं | १ | करार | प्रदेश तथा स्थानीय सहयोग कार्यक्रमतर्फ |
| १२ | पोषण स्वयंम सेवक | - | १ | करार | बहुक्षेत्रीय पोषण कार्यक्रम |
| १३ | कार्यक्रम संयोजक | छैठौं | १ | करार | रोजगार प्रवर्द्धन (सामी कार्यक्रम) |
| १४ | आप्रवासी श्रोत केन्द्र परामर्शकर्ता | पाँचौं | २ | करार | |
| १५ | मनोसामाजिक परामर्शकर्ता | पाँचौं | १ | करार | |
| १६ | वित्तीय साक्षरता सहजकर्ता | पाँचौं | १ | करार | |
| १७ | सूचना तथा परामर्शकर्ता | पाँचौ | १ | करार | |
| १८ | क्षयरोग संयोजक | छैठौं | १ | करार | संघीय सशर्त क्षयरोग कार्यक्रम |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

नगरपालिकाबाट स्वीकृत दरबन्दी अनुसार तलब भत्ता व्यहोर्नु पर्ने स्थायी, अस्थायी, करार सेवा र दैनिक ज्यालादारीका कर्मचारीहरुको दरबन्दी तालिका

| क्र.सं. | पद | तह | दरवन्दी संख्या | किसिम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कानून अधिकृत | अधिकृत | १ | करार | |
| २ | चिकित्सक | अधिकृत आठौं | १ | करार | |
| ३ | संग्रहालय अधिकृत | सातौ | १ | करार | |
| ४ | इन्जिनियर (सिभिल) | सातौ | २ | करार | |
| ५ | इन्जिनियर (सिभिल/इलेक्ट्रिकल) | छैठौं | २ | करार | |
| ६ | पशु चिकित्सक | छैठौं | १ | करार | |
| ७ | इलेक्ट्रिसियन (विद्युत) | चौथो | १ | करार | |
| ८ | कम्प्युटर अपरेटर | पाँचौं | १ | स्थायी | |
| ९ | कम्प्युटर अपरेटर शिक्षा शाखा | चौथो | १ | करार | |
| १० | न्यायीक सहजकर्ता | पाँचौं | १ | करार | |
| ११ | सहायक पाँचौं (वडा कार्यालय समेत) | पाँचौ | ३ | अस्थायी | |
| १२ | ना.प्रा.स. कृषि (१४ वडा) | चौथो | १४ | करार | |
| १३ | ना.प्रा.स. भेटेरीनरी (१४ वडा) | चौथो | १४ | करार | |
| १४ | ल्याव असिष्टेन्ट | चौथो | १ | करार | |
| १५ | अमिन | चौथो | १ | करार | |
| १६ | अ.सब इन्जिनियर/सब इन्जिनियर | चौथो/पाँचौं | ८ | करार | |
| १७ | सहायक कम्प्यूटर अपरेटर/ कम्प्यूटर अपरेटर वडा समेत | चौथो/पाँचौं | १९ | करार | |
| १८ | हे.अ/अ.हे.व | चौथो/पाँचौ | ८ | करार | |
| १९ | स्टाफ नर्स/अ.न.मी. | चौथो/पाँचौ | ८ | करार | |
| २० | मा.वि. शिक्षक | मा.वि.तृतीय | ९ | करार | नगर अनुदान |
| २१ | नि.मा.वि. शिक्षक | नि.मा.वि.तृतीय | १३ | करार | |
| २२ | बालविकास सहजकर्ता | | १६ | करार | |
| २३ | शिक्षा श्रोत व्यक्ति | | १ | | |
| २४ | सचिवालय सहयोगी | | २ | | |
| २५ | एम.आई.एस. अपरेटर (पञ्जिकरण) | पाँचौं | १ | करार | |
| २६ | सामाजिक परिचालक (सामी) | पाँचौं | १ | करार | |
| २७ | रिटर्नी स्वयम्सेवक | | २ | करार | |
| २८ | ~~सामाजिक परिचालक~~ कम्प्युटर अ. | वडा १ र २ | २ | ~~ज्यालादारी~~ क.अ. पाँचौं | मा. ज्यालादारी |
| २९ | दुरविन सहजकर्ता | सिन्धुलीगढी | १ | ज्यालादारी | |
| | | नगर सुरक्षाकर्मी | | | |
| १ | नगर प्रहरी निरीक्षक | | १ | करार | |
| २ | नगर प्रहरी नायव निरीक्षक | | १ | करार | |
| ३ | नगर प्रहरी स. निरीक्षक | | २ | करार | १ जना स्थायी |
| ४ | नगर प्रहरी हवल्दार | | ४ | करार | १ जना स्थायी |
| ५ | नगर प्रहरी जवान | | २५ | करार | |
| | | सवारी चालकतर्फ | | | |
| १ | हलुका सवारी चालक | | ५ | | |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | हेभी सवारी चालक | | ५ | | |
| ३ | ट्याक्टर चालक | | २ | | |
| ४ | फायर मेन | | ५ | | |
| ५ | रोलर अपरेटर | | १ | | |
| ६ | दमकल चालक | | २ | | |
| ७ | हेल्पर | | १ | | |
| ८ | ब्याक हो लोडर | | २ | | |
| कार्यालय सहयोगीतर्फ | | | | | |
| १ | कार्यालय सहयोगी (पा.लि.का अर्न्तगत सबै) | | ५५ | | ११ जना स्थायी+१ अस्थायी |
| २ | सरसफाई कर्मचारी | | २९ | | |

कृषि र पशु विकास तर्फ

| क्र.सं. | पद | तह/श्रेणी | सेवा | समूह, उपसमुह | हाल प्रस्तावित दरवन्दी विवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्राविधिक | अप्राविधिक | जम्मा |
| १ | कृषि प्रसार अधिकृत | ७/८ | कृषि | कृषि प्रसार | 1 | 0 | 1 |
| २ | पशु सेवा अधिकृत | ७/८ | कृषि | भेटेनरी, ला.पो.डे.डे. | 1 | 0 | 1 |
| ३ | पशु सेवा अधिकृत | ७/८ | कृषि | भेटेनरी, मत्स्य | 1 | 0 | 1 |
| ४ | सहायक पाँचौ | ५ | कृषि | कृषि प्रसार | 2 | 0 | 2 |
| ५ | सहायक पाँचौ | ५ | कृषि | भेटेनरी | 2 | 0 | 2 |
| ६ | सहायक पाँचौ | ५ | कृषि | ला.पो.डे.डे. | 1 | 0 | 1 |
| ७ | सहायक चौथो | ४ | कृषि | कृषि प्रसार | 1 | 0 | 1 |
| ८ | सहायक चौथो | ४ | कृषि | भेटेरीनरी | 1 | 0 | 1 |
| ९ | सहायक चौथो | ४ | कृषि | ला.पो.डे.डे. | 1 | 0 | 1 |
| जम्मा | | | | | 11 | 0 | 11 |

**प्रस्ताव नं. ३ : कार्यक्रम खर्च मापदण्ड सम्बन्धमा ।**

निर्णय : नगरपालिकाले गर्ने विभिन्न कार्यक्रमहरु जस्तोः तालिम, अभिमुखीकरण, गोष्ठी, सेमिनार, अन्तरक्रिया, छलफल, उद्घाटन तथा अन्य कार्यक्रमहरुका सम्बन्धमा खर्च गर्ने मापदण्ड नतोकिएको हकमा तपसिल बमोजिमको कार्यक्रम खर्च मापदण्ड अनुसार सञ्चालन हुने व्यवस्थाका लागि नगरसभामा स्वीकृतिका लागि सिफारीस गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | क्षेत्रगत खर्च | इकाई | दर (रु.) | | सीमा |
|---|---|---|---|---|---|
| १ | श्रोत व्यक्तिको पारिश्रमिक (अधिकृत स्तर) | प्रति सेसन | स्थानीय स्तरमा प्रवचन/कार्यपत्र वापत | १६००।०० | - १.५ घण्टा बराबरको सत्र, दैनिक ४ सत्र भन्दा बढी हुने छैन । |
| | | | बाह्य<br>कार्यपत्र वापत<br>प्रवचन वापत | २०००।००<br>१४००।०० | - कार्यपत्र कम्तिमा |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | श्रोत व्यक्तिको पारिश्रमिक (सहायक स्तर) | प्रति सेसन | स्थानीय स्तरमा प्रवचन/कार्यपत्र वापत | ११००।०० | १५०० शब्दको हुनु पर्नेछ ।<br>- आन्तरिक प्रस्तुतकर्ता भन्नाले सम्बन्धित निकाय भित्र का पदाधिकारी/व्यक्ति सम्झनु पर्दछ । |
| | | | बाह्य<br>कार्य पत्र वापत<br>प्रवचन वापत | २०००।००<br>१०००।०० | |
| २ | सहभागी खाना खर्च | प्रति छाक (बढीमा) | ४५० | | |
| ३ | सहभागी चिया, खाजा खर्च | प्रतिदिन | २५० | | |
| ४ | मसलन्द | प्रतिव्यक्ति | १२५ | | |
| ५ | प्रमाण पत्र | प्रति सहभागि | ३०० | | |
| ६ | सहभागी यातायात खर्च | प्रतिव्यक्ति | • सोही वडको हकमा रु. ५००।-<br>• सिमाना जोडिएको अर्को वडाबाट सहभागी भएमा रु. ७५०।-<br>• अन्य वडाबाट सहभागीभए रु. १०००।- | | - कार्यालय तर्फबाट सहभागी हुने कर्मचारीहरुलाई समेत<br>- आतेजाते समेत |
| ७ | गोष्ठि, सेमिनार, सम्मेलन, कार्यशालाको कार्यपत्रको टिप्पणीकर्ता पारीश्रमिक | प्रतिकार्यपत्र | ९००।०० | | एउटा कार्यपत्रमादुई जनाभन्दा बढी टिप्पणीकर्ता राख्न पाइने छैन । |
| ८ | **सीप विकास तालिम कार्य दिनभन्दा बढी र ३० कार्य दिन भित्र भएको तालिम भएमा** | | **नगर स्तरीय** | **वडा स्तरीय** | - ७ कार्य दिनभन्दा बढी ३० कार्य दिन सम्म भएको हकमा यो लागु हुने र ७ कार्य दिन भन्दा कमको हकमा दैनिक खर्च मापदण्ड लागु हुनेछ ।<br>- कार्यक्रम सञ्चालन गर्ने कार्यालयको कर्मचारीको परिवारको निकट व्यक्ति श्रोत व्यक्ति हुन नहुँने ।<br>- कार्यपत्र ७५० शब्दको हुनुपर्ने ।<br>- १ घण्टा ३० मिनेटको कक्षा हुनुपर्छ । |
| | अधिकृत स्तर प्रमुख प्रशिक्षक (प्रतिदिन २ सत्र अनिवार्य) | प्रति व्यक्ति प्रति दिन | १०००।०० | १०००।०० | |
| | सहायक स्तर | प्रति व्यक्ति प्रति दिन | ८००।०० | ८००।०० | |
| | सहजकर्ता Hands out वापत | प्रति व्यक्ति प्रति दिन | ७०० | ७०० | |
| | सहभागी मसलन्द | अवधि भर | १५०० | १५०० | |
| | प्रति सहभागी खाजा | प्रतिदिन | २००। | २००।०० | |
| | हल भाडा | प्रतिदिन | १०००।०० | १०००।०० | |
| | पारिश्रमिक तालिमको लागि | अवधिभर | दै.भ्र.भत्ता | दै.भ्र.भत्ता | |
| | खाना र वासको लागि खर्च | अवधिभर | नियमअनुसार | नियमअनुसार | |
| ९ | **सीप विकास तालिम ३० कार्य दिन भन्दा माथि भएको तालिम भएमा** | | **नगर स्तरीय** | **वडा स्तरीय** | तालिम ३० कार्य दिन भन्दा माथि भएमा |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | मासिक रुपमा प्रति महिना | | | | |
| | अधिकृत स्तर प्रमुख प्रशिक्षक (प्रतिमहिना ६० कक्षा अनिवार्य) | प्रति महिना | २५०००।०० | २५०००।०० | |
| | सहायक स्तर ( प्रतिमहिना ६० कक्षा अनिवार्य हुनु पर्नेछ) | प्रति महिना | २००००।०० | २००००।०० | |
| | श्रोत व्यक्ति Hands Out वापत | प्रतिव्यक्तिप्रतिदिन | ५०० | ५०० | |
| | सहभागी मसलन्द | अवधिभर | २००० | २००० | |
| | प्रति सहभागी खाजा | प्रतिदिन | २०० | २०० | |
| | हलभाडा | प्रतिदिन | १०००।०० | ५००।०० | |
| | पारिश्रमिक तालिम अवधिभर | तालिमअवधिभर | दै.भ्र.भत्ता | दै.भ्र.भत्ता | |
| | खाना र वासको खर्च | अवधिभर | नियमअनुसार | नियमअनुसार | |
| १० | प्रतिवेदकको पारिश्रमिक | १ दिनको कार्यक्रम | | १०००।०० | तालिम संयोजक र प्रतिवेदक एकै व्यक्तिभएमा दोहोरो सुविधापाइने छैन । |
| | | १ दिनभन्दा बढीको कार्यक्रम भए अतिरिक्त थप | | ५००।०० | |
| ११ | अन्य विविध खर्च | प्रति कार्यक्रम ( बढीमा) | | ५०००।०० | |
| १२ | टिप्पणीकर्ता पारिश्रमिक | प्रतिकार्यपत्र | | ५०० | |
| १३ | संयोजक | प्रतिदिन | | १०००।०० | |
| १४ | सहयोगीकर्मचारी | प्रतिदन | | ७००।०० | |
| १५ | कार्यालय सहयोगी | प्रतिदिन | | ५००।०० | |
| १६ | ब्यानर | प्रति कार्यक्रम | | १०००।०० | |
| १७ | हल भाडा | प्रति कार्यक्रम प्रतिदिन | | बील बमोजिम बढीमा ५,०००।- | |
| १८ | कार्यक्रमअनुगमन | प्रति दिन प्रति व्यक्ति | | १०००।०० | |

- यो बाहेक वाह्य श्रोत व्यक्ति र आवासीय तालिममा लाग्ने खर्चका हकमा कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्न नगर सभाको तर्फबाट स्वीकृत दिने ।
- स्थानिय स्तर वाहेकका श्रोत व्यक्ति लिई कार्यक्रम सञ्चालन गर्नु पर्ने भएमा माथी उल्लेखित दर वाहेक थप यातायात, होटल तथावास र अन्य खर्चको विल पेश गर्ने गरी प्रमुख प्रशासकिय अधिकृतले प्रस्ताव माग गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।
- कार्यक्रम सञ्चालन गर्दा सूचिकृत आपूर्तिकर्ताबाट प्याकेजमा माग गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**प्रस्ताव नं. ४ : करार तथा मासिक ज्यालादारी कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।**

निर्णय : नगरपालिकामा करार तथा मासिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगी, स्वीपर, सवारी चालक, नगर प्रहरी, कम्प्युटर अपरेटर, न्यायीक सहजकर्ता लगायत अन्य विभिन्न प्राविधिक तर्फका कर्मचारीहरुको आर्थिक वर्ष २०८१/८२ का लागि दरबन्दी कायम गरी २०८१ श्रावण १ गते देखि लागु हुने गरी ६

उपेन्द्र कुमार पौडेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

महिनाको लागि म्याद थप गर्न सिफारिस साथ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :** **करार तथा मासिक ज्यालादारी कर्मचारीहरुको तलबमान तथा रासन भत्ता सम्बन्धमा ।**

निर्णय : आर्थिक वर्ष २०८१/८२ का लागि नगरसभाले स्वीकृत गरेको नीति तथा कार्यक्रम अनुसार नगरपालिकामा रहेर काम गर्दै आएका विभिन्न करार तथा मासिक ज्यालादारी कर्मचारीहरुको तलबमान नेपाल सरकारले स्वीकृत गरेको सम्बन्धीत तह र पद अनुसारको हुने र हाल नगरपालिकाबाट रासन भत्ता पाइ रहेका नगर प्रहरी लगायतका कर्मचारीहरुको रासन भत्ता रु. ४,५००।- कायम गरिने नीति अनुरुप श्रावण १ गते देखि लागू गर्न सिफारिस साथ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :** **सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको आगामि चरण सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।**

निर्णय : सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता बमोजिम रोजगारीको क्षेत्रलाई सुरक्षित,मर्यादित र व्यबस्थित बनाउने उद्धेश्यका साथ यस नगरपालिकामा पनि संचालनमा रहेको छ । मन्त्रालयको पत्र तथा LMBIS अनुसार हाल भई रहेका कर्मचारी मध्ये कार्यक्रम संयोजक अधिकृत छैटौं र आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता सहायक स्तर पाँचौं तहको कर्मचारीको पुरै तलव सुविधा मन्त्रालयबाट उपलब्ध हुने, मनोसामाजिक परामर्शकर्ता सहायक स्तर पाँचौ र वित्तिय साक्षरता सहजकर्ता सहायक स्तर पाँचौंको तलव सुविधा ५० प्रतिशत मन्त्रालयलबाट उपलब्ध हुने र बाँकी ५० प्रतिशत नगरपालिकाबाट लागत साझेदारी गर्नु पर्ने, सामाजिक परिचालक सहायक स्तर पाँचौं तह र रिटर्नी स्वयम् सेवक २ जनाको तलव सुविधा पुरै नगरपालिकाले व्यहोर्नु पर्ने भएको र यसरी माथि उल्लेखित पदहरुको तलव सुविधा व्यहोर्दा रु. १३,५२,९८० । – (तेह्र लाख बाउन्न हजार नौ सय असी मात्र) नगरपालिकाले लागत साझेदारी गर्नु पर्ने हुँदा माथि उल्लेखित रकम लागत साझेदारी गरी कार्यक्रम संचालनलाई निरन्तरता दिनुका साथै हाल कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुको सेवा निरन्तरता समेत दिने गरी सिफारीस साथ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कर्मचारीको लागि आवश्यक तलब
आर्थिक वर्ष २०८१/०८२

| सि.नं. | पद | संख्या | तलब | दशै खर्च | पोशाक | बीमा | जम्मा | मन्त्रालयले बेहोर्ने | नगरपालिकाले व्यहोर्नु पर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कार्यक्रम संयोजकअधिकृत छैटौ र आप्रवासी स्रोत केन्द्र परार्शकर्ता सहायकस्तर पाचौ | १ जना | १०२७००० | | २०००० | १०००० | १०५७००० | १०५७००० | ० |
| २ | सामाजिक परिचालक सहायकस्तर पाचौ | १ जना | ४१६७६० | ३४७३० | १०००० | ५००० | ४६६४९० | ० | ४६६४९० |
| ३ | मनोसामाजिक परामर्शकर्ता सहायकस्तर पाचौ | १ जना | ४१६७६० | ३४७३० | १०००० | ५००० | ४६६४९० | २३३२४५ | २३३२४५ |
| ४ | वित्तिय साक्षरता सहजकर्ता सहायकस्तर पाचौ | १ जना | ४१६७६० | ३४७३० | १०००० | ५००० | ४६६४९० | २३३२४५ | २३३२४५ |
| ५ | रिटर्नी स्वयम् सेवक | २ जना | ३६०००० | ३०००० | २०००० | १०००० | ४२०००० | ० | ४२०००० |
| | जम्मा | ७ जना | १६१०२८० | १३४१९० | ५०००० | २५००० | २८४६४७० | १५२३४९० | १३५२९८० |

**प्रस्ताव नं. ७ : गैरी बजार स्थित विनोद खड्का समेतको घर निर्माण सम्बन्धमा ।**

निर्णय : जिल्ला प्रशासन कार्यालयबाट प्राप्त पत्रका सम्बन्धमा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल, काठमाण्डौं समेत पत्रबाट सार्वजनिक बाटो मिची निर्माण, भैरहेको विभिन्न व्यक्तिहरुको नाउँमा दर्ता कायम भएका किता नं. ४५०, ४५३, ४५६, ८८७ र ३२९७ का जग्गामा उजुरी परी यस कमलामाई नगरपालिकाको कार्यालयलाई प्राप्त पत्र अनुसार यस नगरपालिका तथा नापी कार्यालय, सिन्धुलीको संयुक्त नापी टोलीको डोर खटाई प्राप्त प्रतिवेदनका आधारमा हाल कित्ता नं. ४५० र ४५३ को जग्गामा निर्माणाधीन पक्की घरको साविक नक्सा अनुसार अगाडीको पिल्लरहरु सबैजसो सार्वजनिक बाटोमा परेको उक्त पिल्लरहरु भत्काउनु पर्ने भन्ने प्रतिवेदनबाट देखिएकोल स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३९ को उपदफा ४ बमोजिम यस नगरपालिकाको बैठकमा निर्णयार्थ पेश भएकोले उल्लेखित कित्ताहरु मध्ये कित्ता नं. ४५० र ४५३ मा बनेका निर्माणाधिन पक्की घरका अगाडीका पिल्लरहरु हटाउन लगाई राष्ट्रिय भवन संहिता २०७७ तथा यस नगरपालिकाको भवन निर्माण मापदण्ड र प्रचलित कानुन अनुसार हुने गरी निर्माणाधिन घरको इजाजत अनुमति दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : उपप्रमुखज्यूको संयुक्त अरब इमिरेट्स दुबईको एक महिने निजी वैदेशिक भ्रमण स्वीकृती सम्बन्धमा ।**

निर्णय : उपप्रमुखज्यूको संयुक्त अरब इमिरेट्स दुबईको एक महिने निजी वैदेशिक भ्रमण स्वीकृत गर्ने निर्णय गरियो । साथै, उक्त भ्रमणको सफलताको शुभकामना व्यक्त गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

पोखरेल
प्रमुख

**प्रस्ताव नं. ९: ब्याक-हो लोडर खरिद सम्बन्धमा ।**

निर्णयः विपद व्यवस्थापन, मर्मत सम्भार, सरसफाई, फोहोरमैला व्यवस्थापन समेतका काममा नगरपालिकाको कार्य बोझ, भौगोलिक क्षेत्र, विकटता र आवश्यकता समेतको आधारमा एक थान ब्याक-हो लोडर आवश्यक रहेको हुँदा प्रत्येक वडाबाट रु. १ लाखका दरले रु. १४ लाख र बाँकी नगरपालिका केन्द्रबाट व्यय हुने गरी खरिद गर्न सिफरीस साथ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०: उर्जा प्रभावकारी भवन निर्माण सम्बन्धमा ।**

निर्णयः यस नगरपालिका क्षेत्र भित्र भवन निर्माण स्वीकृति प्रक्रियामा उर्जा प्रभावकारिता समेत कायम गारी पर्यावरण मैत्री भवन बनाउने इच्छुक घरधनीहरुलाई सहजीकरण गर्न तथा सबै सरकारी एवं सार्वजनिक भवनहरुमा त्यस्तो प्रविधिको प्रयोगलाई अनिवार्यगरी उदाहरणको रुपमा स्थापित गर्न उर्जा प्रभावकारी भवन निर्माण सम्बन्धी मापदण्ड स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११: मिल्की वे परियोजना समपुरक कोष सम्बन्धमा ।**

निर्णय : यस नगरपालिका क्षेत्रमा विगत ३ वर्षदेखि कार्यान्वयनमा रहेका मिल्की वे परियोजनालाई यस नगरपालिकाको अन्य विविध आर्थिक विकासका क्षेत्रका विस्तार गर्न आवश्यक पर्ने आर्थिक एवं गैह्र आर्थिक सहयोगको क्षेत्रमा समपुरक कोषको व्यवस्था गर्न नगरसभा समक्ष सिफारीस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२: मिल्की वे परियोजनाका लागि परियोजना माग सम्बन्धमा ।**

निर्णय : यस नगरपालिका क्षेत्रमा कार्यान्वयन रहेका मिलकी वे परियोजनाबाट नगरपालिकाका किसानहरुलाई थप लाभान्वित र प्रविधि मैत्री बनाउन आवश्यक पर्ने साइलेज प्लाष्ट, बुटिक डेरी र भेटेनरी अस्पताल स्थापना गर्न परियोजना मार्फत दातृ निकायलाई अनुरोध गर्ने निर्णय नगरसभा समक्ष स्वीकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३: इन्धन सञ्चान तथा खर्च व्यवस्थापन सम्बन्धमा ।**

निर्णय : आ.व. २०८१/०८२ मा नगरसभाबाट स्वीकृत भएको इन्धन शिर्षकको बजेटबाट इन्धन खर्च व्यवस्थापन गर्ने र कार्यालयको आवश्यक्ता र कामको आधारमा नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा अख्तियार प्राप्त अधिकारीबाट प्रकोपजन्य काममा विशेष पाहुना तथा अतिथि, संघसंस्थालाई इन्धन उपलब्ध गराउन सकिने र यसमा भएको खर्च सभाबाट अनुमोदन गर्नुपर्ने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत